# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

(प्रशासन तथा अनुगमन शाखा)

प्रदेश निजामती सेवाको अधिकृत एघारौं वा सो सरह पदको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

*सूचना प्रकाशन मितिः २०८२/०३/१२ गते*

*सूचना नं. ४२५/०८१-०८२*

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाको एघारौं तहका देहायको पदका लागि बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा १(ज) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि **सोही ऐनको दफा ८ को उपदफा (९) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम** बढुवाका लागि तपसिल बमोजिमको योग्यता पुगेका सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/०३ /३२ गते कार्यालय समय भित्र दरखास्त दिनुहुन सूचित गरिन्छ। साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेब साइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, हेटौंडा, मकवानपुरमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

प्रदेश निजामति सेवा ऐन, २०७९ बमोजिम उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यताहरूः-

क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

ख) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८(१),२९,३१,३५,३६,३७,३८ र ३९ बमोजिम योग्यता पुगेको।

ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना(निजामती) वा प्रदेश किताबखानाको PIS प्रिन्ट संलग्न गर्नुपर्ने।

घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रूपमा पेस गर्नुपर्ने।

ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण खुलाई पेश गर्नुपर्ने।

च) आफूले पेस गरेका बढुवा सूचना सहितको आवेदनका कागजातहरूको पञ्जिका बनाई फाइलको साथ राख्नु पर्नेछ।

छ) दरखास्त दस्तुरः- रु २०००। (दुई हजार रूपैया)

ज) दरखास्त दस्तुर बुझाउने स्थानः-
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड- खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेडः- खाता नं. २७२०२००००१००१०००००१
कार्यालय कोडः- २१०००३२०१३(प्रदेश लोक सेवा आयोग,बागमती प्रदेश)
राजश्व शिर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैंक भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्ने ।

**विवरण**

**कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा तर्फः-**

| क्र.सं | ब.सू.नं. | पदको नाम | तह | सेवा | समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ५७/०८१/८२ | अधिकृत | एघारौं | इन्जिनियरिङ् | सिभिल/जनरल | १ | २०८२/०३/३२ |